घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको ४४औं बैठकको निर्णयहरु

मिति २०८२।०२।२६

घरपझोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोमसोम, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

मिति २०८२।०१।३१ गते बसेको ४३औं गाउँ कार्यपालिकाको बैठकमा १७ वटा निर्णयहरु भएकोमा सबै निर्णयहरुको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको व्यहोरा जानकारी गरियो । निर्णय नं.१४ अनुसार प्राविधिक परामर्श लिने सम्बन्धमा हाल सम्म कोही पनि सम्पर्कमा नआएको जानकारी भयो ।

**प्रस्ताव नं. २ :-**

आगामी आ.ब. २०८२।८३ को नीति तथा कार्यक्रमको तयारी सम्बन्धमा ।

**निर्णय नं. २ :-**

आगामी आ.ब. २०८२।८३ को नीति तथा कार्यक्रमको तयारी सम्बन्धमा छलफल हुँदा मिति २०८२।२।२६ गते बसेको श्रोत अनुमान तथा बजेट सिलिङ निर्धारण समितिको बैठकले निर्धारण गरेको श्रोत अनुमानको परिधि भित्र रही सबै विषयगत समितिहरु साथै शाखाहरुले आगामी आ.ब. २०८२।८३ को नीति तथा कार्यक्रम बनाई पेश गर्ने विषयगत रुपमा नीति तथा कार्यक्रमहरु प्राप्त भएपश्चात गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम तयार गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :-**

अत्यावश्यक कार्यक्रमहरुमा बजेट विनियोजन सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

तपसिल बमोजिमका अत्यावश्यक कार्यक्रमहरु तुरुन्तै कार्यान्वयन गर्नु पर्ने भएको हुँदा बजेट विनियोजन गरी कार्यक्रम सम्पन्न गर्ने साथै तुरुन्तै गर्नु पर्ने देखी कार्यान्वयन भएका कामको भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | योजना/कार्यक्रमको नाम र विवरण | सञ्चालन हुने स्थान | बजेट | शिर्षक/कैफियत |
|---|---|---|---|---|
| १ | मार्फा छैरो बेलीबृजको छैरो तर्फको पट्टीको पहुँच बाटो निर्माण | घरपझोङ गा.पा.१, छैरो | ९,४४,९६४।९३ | कन्टिजेन्सी शिर्षक |
| २ | स्याङ पुल्चोकमा सिंचाई कुलोको निकास व्यवस्थापन गर्ने | घरपझोङ गा.पा.३, स्याङ | ३,५०,०००।- | अन्य पूर्वाधार निर्माण |
| ३ | स्याउ बगैचामा सिंचाईको लागि पानीको ईन्टेक निर्माण गर्ने | गाउँपालिकाको कार्यालय भवन पछाडीको पानीको मुहानमा | ३२,०००।- | अन्य पूर्वाधार निर्माण |
| ४ | ४ नं. वडामा रहेको बालउद्यानको अपुरो मर्मत संभारको कार्यलाई सम्पन्न गर्ने | घरपझोङ गा.पा.४, जोमसोम | १,००,०००।- | अन्य पूर्वाधार निर्माण |
| ५ | जोमसोम हेल्थ पोष्टमा सोलर | घरपझोङ गा.पा. ५, | २०,०००।- | अन्य पूर्वाधार |

निर्णय प्रमाणित
०८२।०२।२६

| | | | | |
|---|---|---|---|---|
| | फिटिङ्ग गर्दा भएको विविध खर्च भुक्तानी दिने | जोमसोम हेल्थपोष्ट, ठिनी | | निर्माण |
| ६ | कार्यालयको स्याउ बगैचामा थप माटो राखेको भुक्तानी दिने | गाउँपालिकाको कार्यालय परिसर | ६८,०००।- | अन्य पूर्वाधार निर्माण |
| ७ | जनवाल मा.वि. मार्फाको विद्यालय भवनमा स-साना मर्मत संभार कामको भुक्तानी दिने | घरपझोङ गा.पा.२, मार्फा | २१,९००।- | निर्मित सार्वजनिक सम्पत्तीको मर्मत संभार |

**प्रस्ताव नं. ४ :-**

आ.ब. २०८२।८३ को प्रधानमन्त्री राजगार कार्यक्रम सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

आगामी आर्थिक बर्ष २०८२।८३ मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्नका लागि बजेट रु.१८,८८,८००।- प्राप्त भएको व्यहोरा जानकारी भयो । आगामी आ.ब. देखि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्नका लागि प्राप्त रकममा गाउँपालिकाले कम्तीमा शतप्रतिशत बराबरको रकम साझेदारी गर्नु पर्ने भएको हुँदा उक्त समपूरक रकम आगामी आ.ब.को बजेटको सम्बन्धित शिर्षकबाट साझेदारी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :-**

शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

शिक्षा समितिको मिति २०८२।२।२४ गते बसेको बैठकको निर्णयहरु उपर छलफल हुँदा केही विषयहरुमा अझै स्पष्ट हुनु पर्ने भएकोले गाउँपालिकाका अध्यक्षज्यूको संयोजकत्वमा तपसिल बमोजिमका सदस्यहरु रहने गरी कार्यदल गठन गर्ने र उक्त कार्यदलले ५ दिन भित्र प्रतिवेदन पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>तपसिल :-</u>**

१) गाउँपालिका अध्यक्ष : संयोजक
२) १ नं. वडा अध्यक्ष : सदस्य
३) ३ नं. वडा अध्यक्ष : सदस्य
४) ५ नं. वडा अध्यक्ष : सदस्य
५) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख : सदस्य सचिव

**प्रस्ताव नं. ६ :-**

ईजलास निर्माण सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

गाउँपालिकाको न्यायिक समितिको ईजलास निर्माण गर्ने विषयका सम्बन्धमा छलफल हुँदा यस गाउँ कार्यपालिकाको कार्यालय भवनको दोश्रो तलाको अगाडी पट्टीको दाँया तर्फको एक कोठामा ईजलास निर्माण गर्ने र उक्त ईजलास निर्माण गर्न प्राविधिक ल.ई. अनुसार रु.१,८०,०००।- लाग्ने देखिएको हुँदा उक्त रकम चालु आ.ब.को मेलमिलाप केन्द्र व्यवस्थापन शिर्षकबाट खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित
०८२।०२।२६

घरपझोङ गाउँपालिका

**प्रस्ताव नं. ७ :-**

जनवाल मा.वि.को विद्यालय भवनको निर्माण लागत साझेदारी सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

घरपझोङ गाउँपालिका २ नं. वडा मार्फामा अवस्थित श्री जनवाल मा.वि.को विद्यालय भवन निर्माण गर्ने सम्बन्धी डि.पि.आर.तयार भई आर्थिक सहयोगका लागि भरतीय राजदुतावासमा डि.पि.आर. सहित पेश गर्ने । साथै उक्त विद्यालय भवन निर्माणमा गाउँपालिकाको तर्फबाट कुल बजेटको ५% लागत साझेदारीको बजेट सुनिश्चितताको लागि गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

आर्थिक सहायता सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

यस घरपझोङ गाउँपालिका २ नं. वडा मार्फा निवासी श्री राज कुमार विश्वकर्मा विगत १ बर्ष देखि पाएल्स रोगबाट पिडित रहेको र निजको आर्थिक अवस्था कमजोर भएकोले उपचारको लागि समस्या भएको हुँदा २ नं. वडाको च.नं.६७० मिति २०८२।२।२ को पत्रबाट सिफारिस भएको साथै गाउँपालिकाको स्वास्थ्य शाखाबाट समेत सिफारिस भएको हुँदा उपचारका लागि निजलाई रु.२०,०००।- विपन्न नागरिक आर्थिक सहायता शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

Apex-Amit J.V. को पत्रको सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

Apex-Amit J.V. निर्माण व्यवसायीको मिति २०८२।२।२१ गतेको पत्रका सम्बन्धमा छलफल हुँदा Protection of Trail Road and Staircase at Jomsom View Tower, Gharapjhong-4, Jomsom संघीय सरकारको विशेष अनुदान तर्फको बहुबर्षिय योजना अन्तर्गत स्वीकृत भई निर्माण कार्य भएकोमा मन्त्रालयबाट बजेट निकासा हुन नसकेको हुँद भुक्तानी दिन नसकिएको र यस गाउँपालिकाबाट पटक पटक मन्त्रालयमा रकम निकासाका लागि पत्राचार हुँदा समेत हाल सम्म रकम निकासा नभएकोले गाउँपालिका र निर्माण व्यवसायी समेतको टोली मन्त्रालयमा डेलिगेसन जाने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**

विभिन्न पत्रको सम्बन्धमा ।

**निर्णय नं. १० :-**

प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं.४१९, मिति २०८२।२।१ गतेको रोजगार सेवा केन्द्रमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी पत्र र निलगिरी उपभोक्ता सहकारी संस्था लि. को च.नं.१२५ मिति २०८२।२।१८ गतेको पत्रको व्यहोरा बारे जानकारी भयो ।

निर्णय प्रमाणित ।

०८२।०२।२६

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल